प्रधान कार्यालय, सामान्य सेवा विभाग

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
सामान्य सेवा विभाग

## सूचि दर्ता गर्ने बारेको सूचना

(सूचना प्रकाशित मिति २०७९/०३ /०२ )

यस बैंकलाई आगामी आ.व. २०७९/८० मा आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान तथा सेवाहरु आपूर्ति तथा कारोबार गर्न स्वीकृति प्राप्त फर्म, कम्पनीहरुको बैंकको आर्थिक प्रशासन तथा खरिद विनियमावली, २०७१ (दोस्रो संशोधन २०७८) को विनियम ४५ बमोजिमको सूची दर्ता कायम गर्नुपर्ने भएकोले इच्छुक विक्रेता, सप्लायर्सहरुले आफुले आपूर्ति गर्ने सामान एवं सेवाहरुको विवरण सहित यस विभागबाट उपलब्ध गराइने निवेदन फाराम भरी सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०७९/०३/१६) को अफिस समयभित्र यस विभागमा निवेदन दर्ता गराउन हुन सूचित गरिन्छ ।

### बैंकलाई आवश्यक पर्ने सामान तथा सेवाहरुको बिवरण

| समूह | सूची शीर्षक | विवरण |
|---|---|---|
| | **(क) मालसामान आपूर्ति** | |
| १ | मसलन्द छपाई | बैंकको लागि आवश्यक चेक, मुद्धति रसीद, अन्य प्रिन्टेड बैंक स्टेशनरी, क्यालेण्डर, भिजिटिङ्ग कार्ड, डायरी, ब्रोशर, ब्यानर, बार्षिक प्रतिवेदन, बैंकका अन्य छपाई तथा प्रकाशनहरु । |
| २ | मसलन्द स्टेशनरी सामान आपूर्ति | कार्यालय प्रयोजनका लागि आवश्यक स्टेशनरी सामानहरु, एटिएम, Queue Management System मेशीन, POS मेशीनमा प्रयोग हुने पेपर रोल आदि |
| ३ | कम्प्युटर तथा कम्प्युटरजन्य उपकरण र सरसामान आपूर्ति | Desktop तथा Laptop कम्प्युटर, प्रिन्टर, स्क्यानर तथा तिनका टोनर, कार्टिज लगायत सामानहरु, हार्डवयेर सम्बन्धी सामानहरु आदि । |
| ४ | अफिस उपकरण आपूर्ति | Note Counting Machine, Fake Note Detector, Note Sorting Machine, Cheque Scanner, Gold Weighing Machine, चेक राईटर, CCTV System, ATM, POS, Metal Detector, Fire Extinguisher, Queue Management System मेशीन आदि । |
| ५ | विधुतीय उपकरण तथा सरसामान आपूर्ति | जेनेरेटर, सोलार, Air Conditioner, Online UPS, ब्याट्री, Stabilizer आदि । |
| ६ | संचार उपकरण तथा सरसामान आपूर्ति | EPABX System, टेलिफोन, Router, Switch, Networking तथा अन्य IT संग सम्बन्धित उपकरणहरु । |
| ७ | फर्निचर तथा फिक्चर्स सामान आपूर्ति | स्टिल तथा काठका दराज, टेबल, कुर्सी, सोफा, Safe Vault, फाईलिङ्ग क्याबिनेट, लकर, फर्निसिङ्ग तथा कार्पेटिङ्ग आदि । |
| ८ | सवारी साधन | चारपाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधन तथा स्पेयर पार्ट्स आपूर्ति |
| ९ | अन्य सामान | स्वास्थ्य सुरक्षा तथा सरसफाई सम्बन्धी सरसामानहरु |
| | **(ख) निर्माण कार्य** | |
| १ | निर्माण तथा मर्मत सम्भार | सिभिल, इलेक्ट्रिकल तथा नेटवर्किङ्ग सम्बन्धी निर्माण कार्य एवं मर्मत सम्भार । |
| | **(ग) परामर्श सेवा** | |
| १ | परामर्श सेवा | भवन निर्माण, Interior Designing, Structural Engineering, Mechanical/automobile Engineering, IT(Hardware, Software) Engineering, Procurement सम्बन्धी परामर्श सेवा । |
| | **(घ) अन्य सेवा** | |
| १ | विज्ञापन तथा प्रबर्द्धनात्मक सेवा | विज्ञापन (प्रिन्ट, अनलाईन, रेडियो, टेलिभिजन) एजेन्सी, व्यवसाय प्रबर्द्धनात्मक सामाग्री (रेडियो जिंगल, TVC, छपाई विज्ञापन) डिजाइनिङ्ग तथा निर्माण, ब्राण्डिङ्ग सेवा, बैंकको साईनबोर्ड, डिजिटल बोर्ड, होर्डिङ्ग बोर्ड आदि । |
| २ | ढुवानी तथा कुरिअर सेवा | बैंकका चिठिपत्र ओसार पसार, सरसामानहरु ढुवानी |

| | | |
|---|---|---|
| ३ | पानी आपूर्ति | खानेपानी, ट्याङ्कर पानी । |
| ४ | हवाई टिकट | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडानको हवाई टिकट आपूर्ति । |
| ५ | मर्मत सम्भार | कम्प्युटर तथा कम्प्युटरजन्य उपकरण, अफिस उपकरण, विधुतीय उपकरण, संचार उपकरण, फर्निचर तथा फिक्चर्स, सवारी साधन तथ अन्य मर्मत सम्भार । |
| ६ | अन्य सेवा | चमेना गृह संचालन, सरसफाई सेवा, सुरक्षा, सेवा करार, प्लम्बिङ्ग आदि । |

**<u>सूची दर्ताका लागि पेश गर्नुपर्ने आवश्यक कागजात तथा पूरा गर्नुपर्ने शर्तहरु</u>** :-

- नवीकरण अद्यावधिक भएको व्यवसाय दर्ता प्रमाण-पत्र (अन्य निकायबाट इजाजत लिनुपर्ने भएमा सोसमेत) को प्रतिलिपी,
- स्थायी लेखा नम्वर (PAN) तथा मुल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी,
- आ.ब.२०७७/७८ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,
- कम्पनी भए प्रवन्धपत्र र नियमावलीको प्रतिलिपी,
- अनुभव प्रमाणपत्रको प्रतिलिपि ,
- कम्तीमा विगत दुई बर्षदेखि दर्ता भएर संचालनमा आई कारोबार गर्दै आएको ।

**<u>सूचिकृत हुने सम्वन्धमा थप जानकारीहरु</u>** :-

१. सूचीकृत हुन प्राप्त निवेदनहरु मध्ये ग्राह्य ठहरिएका फर्म/कम्पनीहरुलाई मात्र सूचिकृत गरिनेछ ।

२. सूचीकृत हुनको लागि बैंकबाट बितरण गरिएको आवेदन फाराम साथ सूचनामा उल्लेखित कागजातहरु आफैले प्रमाणित गरी प्रतिलिपी पेश गर्नु पर्नेछ । सूचनामा उल्लेखित प्रत्येक समूह अनुसार अलग अलग निवेदन दिनु पर्नेछ । निवेदन दिंदा खामको बाहिर निवेदन दिएको समूह, सूची शीर्षक र आ.व. २०७९/८० उल्लेख गर्नुपर्नेछ । बैंकको प्रादेशिक कार्यालय, शाखा कार्यालयहरुबाट गरिने खरिद प्रयोजनका लागि समेत बैंकको देहायका कार्यालय र प्रधान कार्यालय, सामान्य सेवा विभागमा निवेदन बुझाउन सकिनेछ ।

| क्र.सं. | प्रदेश | निवेदन पेश गर्ने कार्यालय |
|---|---|---|
| १ | प्रदेश नं. १ | प्रादेशिक कार्यालय, बिराटनगर । |
| २ | मधेश प्रदेश | प्रादेशिक कार्यालय, बिरगंज । |
| ३ | बागमति प्रदेश | प्रादेशिक कार्यालय, कुपण्डोल । |
| ४ | गण्डकी प्रदेश | प्रादेशिक कार्यालय, पोखरा । |
| ५ | लुम्बिनी प्रदेश | प्रादेशिक कार्यालय, बुटवल । |
| ६ | कर्णाली प्रदेश | प्रादेशिक कार्यालय, बिरेन्द्रनगर । |
| ७ | सुदूर पश्चिम प्रदेश | प्रादेशिक कार्यालय, धनगढी । |

३. सूचीकृत फर्म/कम्पनीहरु मध्येबाट बैंकले आवश्यक सामान तथा सेवाहरु सोझै वा कोटेशन माग गरी खरिद गर्न सक्नेछ ।

४. सूचिकृत भएका सबै बिक्रेता/फर्मबाट सामान वा सेवा खरिद गर्न बैंक वाध्य हुने छैन ।

५. बैंकले सामान/सेवा खरिद गर्न आव्हान गरेको सिलबन्दी दरभाउपत्र र बोलपत्रमा सहभागी हुन सूचीकृत हुनु अनिवार्य हुने छैन ।

६. सूचीकृत फर्म/कम्पनीहरुको विवरण यस बैंकको वेभसाइटमा राखिनेछ ।

७. सूचिकृत भएका कम्पनी तथा फर्महरुको सेवा सन्तोषजनक नभएमा तथा समयमा सामान सप्लाई नगरेको खण्डमा कुनै सूचना नदिई बैंकले सुचीबाट हटाउन सक्नेछ ।

८. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागमा सम्पर्क गरी जानकारी प्राप्त गर्न र बैंकको वेभ साईट <u>www.nepalbank.com.np</u> भित्र Notice Board मा गई हेर्न र फर्म डाउनलोड गर्न सकिनेछ ।

९. कुनै फर्म/बिक्रेतालाई सूचिकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

प्रधान कार्यालय, सामान्य सेवा विभाग

अनुसूची-१०
(विनियम ४५ (१क) सँग सम्बन्धित)

## मौजुदा सूचीमा दर्ता हुनका लागि दिइने निवेदन

श्री कार्यालय प्रमुख
..................................कार्यालय ।

मिति....................।

विषय : मौजुदा सूचीमा दर्ता गरी पाउँ ।

नेपाल बैंक लिमिटेडको आर्थिक प्रशासन तथा खरिद विनियमावली, २०७१ बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

तपशिल

| | |
|---|---|
| १. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण : | |
| (क) नाम : | (ख) ठेगाना : |
| (ग) पत्राचार गर्ने ठेगाना : | (घ) मुख्य व्यक्तिको नाम : |
| (ङ) टेलिफोन नं. : | च) मोवाईल नं. : |
| २. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला । | |
| (क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ । छैन ।<br>(ख) नविकरण गरिएको छ । छैन ।<br>(ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्वर दर्ताको प्रमाणपत्र छ । छैन ।<br>(घ) कर चुक्ताको प्रमाणपत्र छ । छैन ।<br>(ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दार्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि छ । छैन ☐ ☐ | |
| ३. बैंकबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण : | |

| | | | |
|---|---|---|---|
| (क) मालसामान आपूर्ति :<br>(मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | | (ख) निर्माण कार्य | |
| (ग) परामर्श सेवा :<br>(परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | | (घ) अन्य सेवा :<br>(अन्य सेवाको प्रकृति उल्लेख गर्ने) | |

| | | |
|---|---|---|
| निवेदन दिएको मिति :<br>आ. व. :<br>आ. व. : | फर्मको छाप : | निवेदकको नाम :<br><br>हस्ताक्षर |